# गौर नगरपालिका

## स्थानीय राजपत्र

### गौर नगरपालिका द्वारा प्रकाशित

खण्डः ९ संख्याः १ मितिः२०८३/०३/१०

भागः २

नेपालको संविधानको धारा २३० अनुसार गौर नगरपालिकाको आर्थिक ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८३ सालको ऐन नं. २

**गौर नगरपालिकाको आर्थिक ऐन, २०८३**

# गौर नगरपालिकाको आर्थिक ऐन, २०८३

**प्रमाणीकरण मिति: २०८३/०३/१०**

**प्रस्तावनाः-**

गौर नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्नका लागि स्थानीय कर,शुल्क,दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गौर नगरपालिकाको नगर सभाको १८ औ अधिवेशनले यो ऐन, बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " गौर नगरपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।
(२) यो ऐन मिति २०८३ साल श्रावण १ गते देखि गौर नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **परिभाषा**: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क)"नगरपालिका" भन्नाले गौर नगरपालिकालाई जनाउँदछ ।

(ख)"नगर सभा" भन्नाले गौर नगरपालिकाको नगर सभालाई जनाउँदछ ।

(ग)"कार्यपालिका" भन्नाले गौर नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँदछ ।

(घ)"आर्थिक ऐन" भन्नाले गौर नगरपालिकाको नगर सभाले पारित गरी प्रमाणीकरण भएको गौर नगरपालिकाको आर्थिक ऐन, २०८३ लाई जनाउँदछ ।

३. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पति कर लगाई असूल उपर गरिनेछ र सम्पतिको मूल्याङ्कन कार्यपालिकाबाट स्वीकृत सम्पत्ति कर सम्बन्धी कार्यविधि अनुसार गरिनेछ ।

४. **घरजग्गा करः** (१)नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम २०७४/०७५ सम्मको बक्यौतामा घरजग्गा कर असुल उपर गरिनेछ ।
(२) आ.ब.२०७५/०७६ देखि सम्पति कर लागू भएकोले सोही मिति देखि लागू हुने गरी घरजग्गा कर खारेज हुनेछ ।

५. **मालपोत/भूमिकरः** (१) नगरपालिका क्षेत्रभित्र अनुसूचि (३) बमोजिम मालपोत/भूमिकर असूल उपर गरिनेछ । (२) भौतिक संरचना निर्माण भएको जग्गामा सम्पति कर लाग्नेछ, तथा सो बाहेक खाली,पर्ति जग्गामा मालपोत/भूमिकर लाग्नेछ ।
(३)बक्यौता रकमको हकमा निर्धारित दररेट बमोजिम भूमिकर/मालपोत असूल उपर गरिनेछ ।

६. **<u>वहाल कर</u>:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संघ संस्थाले आफ्नो स्वामित्वमा रहेको कुनै भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो, सेड,जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वा अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूचि (४) बमोजिम वहाल कर लगाई असूल गरिनेछ ।

७. **<u>व्यवसाय कर</u>:** (१) नगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग,व्यापार, व्यवसाय,सेवा र यस्तै प्रकारको जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति,आर्थिक कारोबार,स्थान विशेष र लगानीको आधारमा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाई असूल उपर गरिनेछ ।

(२) त्यसरी व्यवसायकर असूल गर्दा बैंक तथा वित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग इकाई मानी असूल उपर गरिनेछ ।

८. **<u>जडीबुटी, कवाडी र जीवजन्तु कर</u>:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि (६) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

९. **<u>स्थानीय पूर्वाधार उपयोग शुल्क(सेवा शुल्क)</u> :** यस नगरपालिकाले निर्माण,संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको कुनै सेवा उपभोग गरे वापत अनुसूचि (७) बमोजिम नगरपालिकाले स्थानीय पूर्वाधार उपभोग शुल्क सेवा शुल्क लगाउन र असुल उपर गर्न सकिनेछ ।

१०. **<u>विज्ञापन कर</u>:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (८) बमोजिम विज्ञापन कर लगाउन र असूल उपर गर्न सकिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

११. **<u>मनोरन्जन कर</u>:** नगरपालिका क्षेत्रभित्र संचालन हुने जुनसुकै मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (९) बमोजिम मनोरंजन कर लगाउन र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१२. **<u>पार्किङ शुल्क</u>:** नगरपालिका क्षेत्रभित्र सवारी साधनहरुलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाउन र असूल उपर गर्न सकिनेछ ।

१३. **<u>बहाल बिटौरी कर</u>**: नगरपालिका क्षेत्रभित्र आफूले निर्माण,रेखदेख वा संचालन गरेको वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाट बजार वा पसल वा सडक,बाटो किनार वा विशेष मेला पर्वमा अनुसूचि (११) बमोजिमको बिटौरी कर लगाइने र असूल उपर गरिनेछ ।

१४. **<u>सेवा शुल्कर दस्तुर</u>:** (१) नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका तथा उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट अनुसूची (१२) बमोजिम दस्तुर लगाई असुल गर्न सकिनेछ । साथै एम्बुलेन्स सेवा वापत गौर न.पा.को एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ अनुसार सेवा शुल्क लाग्नेछ । साथै इन्धनको मूल्यमा हेरफेर भएमा औचित्य हेरी नगर कार्यपालिकाले एम्बुलेन्स सेवा शुल्कको दररेट थप घट गर्न सक्नेछ ।

१५. **<u>भाडा तथा बहालबाट आय</u>:** नगरपालिकाको स्वामित्वमा रहेको जग्गा,भवन,पोखरी वा हल,प्रोजेक्टर आदि उपलब्ध गराएमा अनुसूचि (१३) बमोजिम भाडा असुल उपर गर्न सकिनेछ ।

१६. **बिजुली र टेलिफोन पोल शुल्क:** नगरपालिका क्षेत्र भित्र रहेका बिजुली र टेलिफोन पोल वा टावरमा अनुसूची (१४) बमोजिमको शुल्क लगाई असुल उपर गर्न सकिनेछ ।

१७. **पर्यटन शुल्क:** नगरपालिकाले तोकेको स्थानहरुमा पर्यटक प्रवेश गर्दा अनुसूची (१५) बमोजिम पर्यटन शुल्क लगाई असुल उपर गर्न सकिनेछ ।

१८. **दण्ड जरिवाना:** नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार गर्ने वा सार्वजनिक लगायतका स्थलमा फौहोरमैला गर्ने तथा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई अनुसूची (१६) बमोजिम जरिवाना गरिनेछ ।

१९. **कर,शुल्क तथा दस्तुर संकलन कार्यविधि:** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐन संग नबाझिने गरी कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२०. **आन्तरिक आय ठेक्का:** नगरपालिकाले विभिन्न आय शीर्षकहरुको यस ऐनमा व्यवस्था भए अनुसारको दररेटमा (१) बर्ष देखि (५) बर्ष सम्मका लागि ठेक्का बन्दोवस्त गरी आन्तरिक आय संकलन गर्न सक्नेछ ।यस ऐनमा नखुलेका अन्य ठेक्का बन्दोवस्त सम्बन्धी दररेट र सार्वजनिक सम्पतिको भाडा तथा बहाल रकम सम्बन्धमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

२१. **अन्य व्यवस्था:** गौर नगरपालिकाका वडा,बिषयगत शाखा वा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर,शुल्क,दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्ने व्यवस्था गर्न सकिनेछ ।

२२. **अनुसूचिमा थपघट वा हेरफेरमा गर्न सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाले आर्थिक ऐनको अनुसूचिहरुमा आवश्यकता अनुसार थपघट गर्न वा अनुसूचिमा हेरफेर गर्न सक्नेछ ।

२३. **नियम, निर्देशिका, कार्यविधि आदि बनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वियन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

२४. **साबिक बमोजिम हुने:** यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लेखित नभएको हकमा साबिक बमोजिम नै हुनेछ ।

२५. **निर्णय वा आदेश जारी गर्न सक्ने:** यस ऐनको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा कुनै विषय स्पष्ट हुन नसकेकोमा सोको निराकरणका लागि कार्यपालिकाले आवश्यक निर्णय गर्न वा उपयुक्त आदेश जारी गर्न सक्नेछ । त्यसरी गरिएको निर्णय वा आदेश यसै ऐनको अभिन्न अंग मानिनेछ ।

२६. **मिन्हा वा छुट गर्ने:** नगरपालिकाको बक्यौता रकम नगरपालिकाले असुल उपर गर्दा बक्यौता रकममा मिन्हा वा छुट दिने अधिकार नगर सभाको हुनेछ ।

२७. **खारेजी:** नगरपालिकाले साबिकमा लागू गदै आएका व्यवस्थाहरु यस ऐनसँग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

## अनुसूची-१

## आ.व.२०८३/०८४ को लागि लागु हुने पारित

## सम्पति करको दररेट

| क्र.सं. | मूल्यांकन रकम | | | | बार्षिक सम्पतिकर रकम |
|---|---|---|---|---|---|
| १ | १ | देखि | १० लाख | सम्म | ३००/- |
| २ | १० लाख १ | देखि | २० लाख | सम्म | ६००/- |
| ३ | २० लाख १ | देखि | २५ लाख | सम्म | १०००/- |
| ४ | २५ लाख १ | देखि | ३० लाख | सम्म | १५००/- |
| ५ | ३० लाख १ | देखि | ४० लाख | सम्म | २०००/- |
| ६ | ४० लाख १ | देखि | ५० लाख | सम्म | २५००/- |
| ७ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ३०००/- |
| ८ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ३५००/- |
| ९ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ४०००/- |
| १० | ८० लाख १ | देखि | ९० लाख | सम्म | ४५००/- |
| ११ | ९० लाख १ | देखि | १ करोड | सम्म | ५०००/- |
| १२ | १ करोड १ | देखि | १ करोड ४० लाख | सम्म | ६५००/- |
| १३ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख | सम्म | ७५००/- |
| १४ | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | ९५००/- |
| १५ | १ करोड ८० लाख १ | देखि | २ करोड | सम्म | ११५००/- |
| १६ | २ करोड १ | देखि | २ करोड ५० लाख | सम्म | १२५००/- |
| १७ | २ करोड ५० लाख १ | देखि | ३ करोड | सम्म | १३५००/- |
| १८ | ३ करोड १ | देखि | ३ करोड ५० लाख | सम्म | १४५००/- |
| १९ | ३ करोड ५० लाख १ | देखि | ४ करोड | सम्म | १५५००/- |
| २० | ४ करोड १ | देखि | ४ करोड ५० लाख | सम्म | १६५००/- |
| २१ | ४ करोड ५० लाख १ | देखि | ५ करोड | सम्म | १७५००/- |
| २२ | ५ करोड १ | देखि | माथिको मूल्याँकनमा | | १८५००/- |

**नोट:-** सम्पति करको मूल्याङ्कन गर्दा घरको मूल्य र घरले ओगटेको जग्गाको मूल्याङ्कन गरिनेछ, तर घरले ओगटेको क्षेत्रफल भन्दा जग्गाको क्षेत्रफल बढी भएमा घरले ओगटेको जग्गा भन्दा दोबर जग्गाको मूल्याङ्कन गरिनेछ । बक्यौताको हकमा बक्यौता रहेको आ.व.मा पारित आर्थिक ऐन अनुसार हुनेछ । चालु आ.व.नघाई बक्यौता कर तिर्न आएमा १० प्रतिशत जरिवाना लाग्नेछ ।

## अनुसूची-२

## घरजग्गा कर

आ.व.२०७४/०७५ सम्मको बक्यौताको लागि मात्र

| विवरण | रकम |
|---|---|
| रु.१० लाख सम्मको मूल्याङ्कन गर्नुपर्ने भएमा सेवा शुल्क वापत | ३००/- |
| त्यस पछिको १० लाख सम्मलाई | ३५०/- |
| त्यस पछिको ३० लाख सम्मलाई | ०.०५ प्रतिशत |
| त्यस पछिको ५० लाख सम्मलाई | ०.२५ प्रतिशत |
| त्यस पछिको १ करोड सम्मलाई | ०.५० प्रतिशत |

| | |
|---|---|
| त्यस पछिको माथिलाई | १.५० प्रतिशत |
| नोटः-जग्गाको मूल्याङकन गर्दा घर बनेको कित्ताको मूल्यांकन गर्नुपर्नेछ, तर घरले चर्चेको जग्गा भन्दा क्षेत्रफल बढी भएमा कुल क्षेत्रफलको ७० प्रतिशत जग्गाको मूल्याङकन गरिनेछ । | |

## अनुसूची-३
## पक्की भौतिक संरचना निर्माण नभएको जग्गाको आ.ब. २०८३/०८४ को लागि पारित भूमिकर/मालपोतको दररेट

| | |
|---|---|
| **भूमिकर तर्फको जग्गा (चालु आ.व.को)** | **प्रति कठा रु.२०/-** |
| **मालपोत तर्फको जग्गा (चालु आ.व.को)** | **प्रति कठा रु.५/-** |
| **बक्यौता भूमिकर** | **प्रति कठा रु.५०/-** |
| **बक्यौता मालपोत** | **प्रतिकठा रु.२०/ -** |
| **नोटः बक्यौतामा ३५ प्रतिशत जरिवाना लाग्नेछ ।** | |

## अनुसूची-४
## वहाल कर

| | |
|---|---|
| १. नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संघ संस्थाले आफ्नो स्वामित्वमा रहेको कुनै भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो, सेड,जग्गा, बगैचा वा पोखरी पूरै वा आंशिक तवरले वा अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा वहाल कर लगाई असूल गरिनेछ । | बहाल रकमको १०% |

## अनुसूची-५
## व्यवसाय कर

| | |
|---|---|
| **खाद्यान्न बिक्री गर्ने तर्फः** | |
| **धान,चामल,मकै,गहुँ,तोरी,मसुरी,मुङ्ग,रहर तथा पारचुन आदिको गल्ला किराना आदि** | |
| क श्रेणी रु ५ लाख भन्दा माथि पूँजी भएको | २०००/- |
| ख श्रेणी रु ५० हजार भन्दा ५ लाख सम्म पूँजी भएको | १०००/- |
| **कपडा पसल तर्फ रेडिमेड,थानवालाः** | |
| क श्रेणी रु २० लाख भन्दा माथि पूँजी भएको | ५०००/- |
| ख श्रेणी रु ५ लाख भन्दा माथि २० लाख सम्म पूँजी भएको | २५००/- |
| ग श्रेणी रु १ लाख भन्दा माथि ५ लाख सम्म पूँजी भएको | १५००/- |
| घ श्रेणी रु १ लाख सम्म पूँजी भएको | १०००/- |
| **जुत्ता,चप्पल पसल तर्फः** | |
| क श्रेणी रु २० लाख भन्दा माथि पूँजी भएको | ५०००/- |
| ख श्रेणी रु ५ लाख भन्दा माथि २० लाख सम्म पूँजी भएको | २५००/- |
| ग श्रेणी रु १ लाख भन्दा माथि ५ लाख सम्म पूँजी भएको | २०००/- |
| घ श्रेणी रु १ लाख सम्म पूँजी भएको | १५००/- |

| | |
|---|---|
| **भाडा वर्तन पसल तर्फः** | |
| क श्रेणी रु. १ लाख भन्दा माथि पूँजी भएको | २०००/- |
| ख श्रेणी रु १ लाख सम्म पूँजी भएको | १०००/- |
| **नोटः-माटोको भाडा बनाई बिक्री गर्ने तथा शहिद परिवार,दलित,अपाँग तथा एकल महिलालाई पूर्ण छुटरहको ।** | |
| **होटल,लज,रेष्टुरेन्ट व्यवसाय तर्फः** | |
| क.नाचगान समेत भएको बार एण्ड रेष्टुरेन्ट | ५०००/- |
| ख. विवाह भवन ⁄ पार्टी प्यालेस | ४०००/- |
| ग.खाना र अल्कोहलयुक्त पेय बिक्री गर्ने इजाजत भएको बस्ने सुबिधा सहितको होटल | ५०००/- |
| घ.लज बास बस्ने | २०००/- |
| ङ खाना, नास्ताको होटल मदिरा बाहेका | १०००/- |
| च अल्कोहल पदार्थको थोक बिक्री गर्ने | ५०००/- |
| छ अल्कोहल पदार्थको खुद्रा बिक्री गर्ने | ३०००/- |
| ज अल्कोहलयुक्त पेय बिक्री गर्ने इजाजत प्राप्त होटल | ३०००/- |
| झ चमेना तथा मिठाई बिक्री गर्ने | १०००/- |
| ञ चिया तथा पान पसल | १०००/- |
| **निर्माण सामाग्री,हार्डवेयर,विद्युत सामाग्री,मार्बल बिक्री गर्ने पसल तर्फः** | |
| क.श्रेणी रु २० लाख माथि पूँजी भएको | ५०००/- |
| ख.श्रेणी रु २ लाख माथि २० लाख सम्म पूँजी भएको | २५००/- |
| ग.श्रेणी रु १ लाख देखि २ लाख सम्म पूँजी भएको | २०००/- |
| घ.श्रेणी रु १ लाख सम्म पूँजी भएको | १०००/- |
| **सुन,चाँदी,पितल,आल्मुनियम बिक्री गर्ने तथा गर गहना बनाउने पसल तर्फः** | |
| क.श्रेणी सुन,चाँदीको इजाजत लिई थोक बिक्री गर्ने | ५०००/- |
| ख.सुन,चाँदीको गहना बनाउने रु १ लाख भन्दा  माथि पूँजी भएको | ३०००/- |
| ग.सुन,चाँदीको गहना बनाउने रु १ लाख सम्म पूँजी भएको | २०००/- |
| **स्टेशनरी पसल तर्फः** | |
| क.५ लाख भन्दा माथिको पूँजि भएको | ३०००/- |
| ख.१ लाख भन्दा माथि ५ लाख सम्म पूँजि भएको | १५००/- |
| ग.१ लाख सम्म पूँजि भएको | १०००/- |
| **माछा,मासु बिक्री गर्ने पसल तर्फः** | |
| क.राँगा,खसी काटी बेग्ला बेग्लै बिक्री गर्ने । | १०००/- |
| ख.खसी तथा कुखुरा पालन/अन्डा थोक पोल्टी फर्म । | २०००/- |
| ग.राँगा,खसी काटी एकै ठाउँमा बिक्री गर्ने । | १५००/- |
| थोक माछा बिक्री गर्ने | १०००/- |
| घ.खुद्रा  माछा बिक्री गर्ने । | १०००/- |
| ङ.कुखुराको मासु बिक्री गर्ने | १०००/- |
| च.छाला प्रसोधन गर्ने कार्य | २०००/- |

| | |
|---|---|
| **औषधी पसल तर्फः** | |
| क.थोक बिक्रेता लाई | ४०००/- |
| ख.रु १ लाख भन्दा माथि पूँजि भएको खुद्रा बिक्रेता | २०००/- |
| ग.रु १ लाख सम्म पूँजि भएको खुद्रा बिक्रेता | १०००/- |
| **सूचिकार पसल तर्फ** | |
| क.   ५ भन्दा बढी सिलाई मेशिन राखेको | १५००/- |
| ख.  ५ वटा सम्म सिलाई मेशिन राखेको | १०००/- |
| ग.  ३ वटा सम्म सिलाई मेशिन राखेको | १०००/- |
| **इलेक्टोनिक/इलेक्ट्रीक सामान,क्यामरा,हिटर,फ्रिज,कम्प्यूटर अदी सामान बिक्री गर्ने पसल तर्फः** | |
| क.थोक बिक्रेता लाई | ४०००/- |
| ख.रु १ लाख भन्दा माथि पूँजि भएको खुद्रा पसल | १५००/- |
| ग.रु १ लाख  सम्म पूँजि भएको | १०००/- |
| घ. इ.भी.चार्जिङग स्टेशन | १००००/- |
| **मर्मत पसल तर्फ** | |
| १. हेभि इक्विपमेन्ट बस,कार,ट्रक मर्मत गर्ने | २०००/- |
| २. मोटरसाईकल,टेम्पु, ई रिक्सा मर्मत गर्ने | १५००/- |
| ३. टिभी,प्रेसर कुकुर,हिटर,टेलिफोन सेट,विधुत सामाग्री,मोबाइल,घडी,रेडियो मर्मत गर्ने | १५००/- |
| ४. साईकल मर्मत गर्ने | १०००/- |
| ५. सवारी साधन सर्भिसिङगं गर्ने,सवारी साधन धुलाई गर्ने । | १०००/- |
| ७. फलाम तथा जस्तापाताको सामाग्री मर्मत गर्ने | १०००/- |
| ८. प्रेसर कुकुर,स्टोप,ग्याँस चुल्हो मर्मत गर्ने । | १०००/- |
| **सवारी साधन तथा पार्ट पुर्जा बिक्री गर्ने पसल तर्फः** | |
| १. कार,जिप,ट्याक्टर,बस,टेम्पु बिक्री गर्ने तथा शोरुम | १००००/- |
| २. मोटरसाईकल बिक्री गर्ने । | ५०००/- |
| ३. साईकल बिक्री गर्ने । | २०००/- |
| ४. रु १ लाख भन्दा बढी पूँजि भएको पार्टपुर्जा बिक्री गर्ने | २०००/- |
| ५. रु १ लाख सम्म पूँजि भएको पार्टपुर्जा बिक्री गर्ने | १५००/- |
| **सञ्चार सेवा तर्फः** | |
| १. फोटो ल्याब | २०००/- |
| २. फोटो स्टुडियो | १०००/- |
| ३. चस्मा,क्यासेट बिक्री गर्ने | १०००/- |
| ४. फोटोकपी,फ्याक्स,निजी क्षेत्रको हुलाक सेवा,कुरियर सेवा,हवाई टिकट,टेलिफोन डाँक | १०००/- |
| **डाईक्लिनर्स लौण्डी पसल तर्फः** | |
| क. डाईक्लिनर्स | १५००/- |
| ख. धोबी पसल | १०००/- |
| **सैलुन पसल,ब्यूटी पार्लर तर्फः** | |

| | |
|---|---|
| १. ब्यूटी पार्लर/जेन्स पार्लर व्यवसायिक रुपमा कामदार राखेको | १०००/- |
| २. ब्यूटी पार्लर | १०००/- |
| ३. जेन्स सैलुन | १०००/- |
| **मदिरा,चिसो पेय पदार्थ,सिगरेट,बिडीको थोक तथा खुद्रा बिक्रेता तर्फ** | |
| १.सिगरेट उत्पादन गर्ने उद्योग | ५०००/- |
| २ मदिरा उत्पादन गर्ने व्यवसाय | २५०००/- |
| ३ बिडी उद्योग | २०००/- |
| ४ चियापत्ती बिक्रेता तर्फ | |
| क. चियापत्ती प्याकेज गरी वा नगरी होलसेल बिक्री गर्ने | २०००/- |
| ख. चियापत्ती प्याकेज गरी खुद्रा बिक्री गर्ने | १०००/- |
| **वित्तिय सस्थाको कार्यालय खोली संचालन गर्ने तर्फ** | |
| क वर्गको बैंक | २००००/- |
| ख वर्गको बैंक | १५०००/- |
| ग र घ वर्गको बैंक | १००००/- |
| वित्तिय कम्पनी प्रधान कार्यालय | २००००/- |
| वित्तिय कम्पनी शाखा कार्यालय | १००००/- |
| बिमा कम्पनीको कार्यालय | १००००/- |
| मनी एक्सचेन्ज र बिदेशी मुद्राको सटही काउण्टर | २०००/- |
| माथि उल्लेखित बाहेकका अन्य र वितिय सस्थाहरुलाई | ३०००/- |
| **पेट्रोल,मट्टीतेल,डिजेल,मोबिल,ग्याँस डिलर तर्फ** | |
| क. डिजेल,पेट्रोल | ४०००/- |
| ख. मट्टीतेल | २०००/- |
| ग. ग्याँस तथा मट्टीतेल बिक्री गर्नेलाई | २०००/- |
| घ. कवाडी सामान,खाली बोरा तथा बाँस खरिद बिक्री गर्ने | १०००/- |
| ङ. ढुङ्गा,गिट्टी,वालुवा,ईटा जम्मा गरी बिक्री गर्ने | ३०००/- |
| **पण्डाल बनाउने तर्फ** | |
| क. बिबाह तथा अन्य कामको लागि पण्डाल बनाई भाडामा लगाउने | २०००/- |
| ख. खेलौना उपहार (गिफ्ट बक्रेता) | १०००/- |
| ग. खेलकुद सामाग्री बिक्री वितरण गर्ने पसल | २०००/- |
| घ कस्मेटिक वा श्रृगार सामग्रीको उत्पादन तथा बिक्री बितरण | २०००/- |
| ङ. काठ तथा कोईला खरिद गरी बिक्री गर्ने | ५०००/- |
| **फर्निचर पसल (काठ,प्लाष्टिक तथा स्टील) तर्फ** | |
| क. रु ३ लाख माथि जतिसुकै पूँजि भएको | ३०००/- |
| ख. रु ३ लाख सम्म पूँजि भएको | २०००/- |
| ग. रु १ लाख सम्म पूँजि भएको | १०००/- |
| स्नुकर (पुल) खेल/ जिम व्यवसाय | १०००/- |
| **रोजगारी सेवा तर्फ** | |

| | |
|---|---|
| क. स्वदेशी रोजगारी तर्फ | १५००/- |
| ख. बिदेशी रोजगारी तर्फ | ५०००/- |
| **साईनबोर्ड लेख्ने (पेन्टर) तर्फ** | |
| १. आफै साईनबोर्ड लेख्ने काम गर्ने लाई | १०००/- |
| २. कामदार राखी साईनबोर्ड लेख्ने काम गर्ने लाई | १०००/- |
| ३. डिजिटल साईन बोर्ड/ब्यानर व्यवसाय | १०००/- |
| हाउजिङ कम्पनी( जग्गा खरिद बिक्री गर्ने) | ५०००/- |
| **पेशा कर (विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक कर तर्फ** | |
| १. डाक्टर | २०००/- |
| २. ईन्जिनियर | २०००/- |
| ३. अधिवक्ता | २०००/- |
| ४. ओभरसियर(सव ओभरसियर समेत) | २०००/- |
| ५ नक्सा बनाउने कार्य गर्ने | २०००/- |
| ६. अभिवक्ता | १०००/- |
| ७. कम्पाउण्डर | १०००/- |
| ८. बिमा एजेन्ट तथा शेयर दलाल | १०००/- |
| ९. कविराज | १०००/- |
| १०. अनुसन्धान तथा परामर्श दाता | २०००/- |
| ११. सर्भेयर | २०००/- |
| १२. पशु चिकित्सक | १५००/- |
| १३. सामान ढुवानी कैरियर सेवा | २०००/- |
| १३. भन्सार एजेन्ट तथा लेखापढी व्यवसाय | २०००/- |
| **निर्माण व्यवसाय तर्फ** | |
| घ श्रेणीको ईजाजत पत्र | १००००/- |
| घ श्रेणीको ईजाजत पत्र नविकरण | २०००/- |
| घ श्रेणीको म्याद नघाई नविकरण गराए(आ.व.समाप्त भएको ३ महिना पछि) | ३०००।- |
| घ श्रेणीको ईजाजत पत्र नामसारी/संशोधन | २०००/- |
| ईजाजत पत्रको प्रतिलिपि दस्तुर | १०००।- |
| **लेखापरीक्षक तर्फ** | |
| क श्रेणीको लागि | ५०००/- |
| ख श्रेणीको लागि | ३०००/- |
| ग श्रेणीको लागि | २०००/- |
| घ श्रेणीको लागि | १५००/- |
| **शिक्षा सेवा तर्फ** | |
| क. पूर्व प्राथमिक विद्यालय दर्ता अनुमति पत्र | ३०००/- |
| ख. पूर्व प्राथमिक विद्यालय नविकरण | २०००/ |
| ग. कक्षा १ देखि ८ सम्म विधालय अनुमति तथा कक्षा थप (संस्थागत) | ५०००/ |

| | |
|---|---|
| नोटः धरौटी रु.५०,०००/ - | |
| घ. कक्षा ९ देखि १२ सम्मको विद्यालय अनुमित तथा कक्षा थप (संस्थागत)<br>नोटः धरौटी रु.१,००,०००/- | १००००/- |
| ङ विधालय नविकरण | २०००/- |
| च. संस्थागत विधालय नामसारी/ठाँउसारी | ५०००/- |
| छ. कोचिङग/टयूशन सेन्टर (आधारभुत तहसम्म) | ३०००/- |
| ज. कोचिङग/टयूशन सेन्टर (माध्यमिक तहसम्म) | ५०००/- |
| झ. कम्प्यूटर टाईपिङग,तालिम अनुसन्धान तथा भाषण प्रशिक्षण दिने सस्था आदी दर्ता/नविकरण | २०००/- |
| यसमा नखुलेको कुरा नगर शिक्षा ऐन र न.पा.को निर्णय अनुसार हुनेछ । | |
| **स्वास्थ्य सेवा तर्फ ( दर्ता )** | |
| अस्पताल तथा नर्सिङग होम (प्रति शैया) | ४०००/- |
| डायगनोस्टिक सेन्टर | १००००/- |
| पोलिक्लिनिक | १००००/- |
| आयुर्वेद अस्पताल (प्रति शैया) | ४०००/- |
| आयुर्वेद क्लिनिक | ५०००/- |
| क्लिनिक/प्रयोगशाला | ५०००/- |
| **स्वास्थ्य सेवा तर्फ (नविकरण)** | |
| अस्पताल तथा नर्सिङग होम (प्रति शैया) | ७००/- |
| डायगनोस्टिक सेन्टर | २०००/- |
| पोलिक्लिनिक | २०००/- |
| आयुर्वेद अस्पताल (प्रति शैया) | ५००/- |
| आयुर्वेद क्लिनिक | १५००/- |
| क्लिनिक/प्रयोगशाला | २०००/- |
| **गैर सरकारी सस्थाहरु तर्फ** | |
| १. गैर सरकारी सस्था दर्ता तथा नविकरण सिफारिस | १०००/- |
| २. गैर सरकारी सस्था अन्तराष्ट्रिय सिफारिस | ५०००/- |
| **जुट वाईण्डिगं उद्योग तर्फ** | |
| क. मेशिनबाट जुट वाईण्डिगं प्रति अश्व शक्ति (एकमुष्ट) | २०००/- |
| ख. हातबाट जुट वाईण्डिगं गर्ने | १०००/- |
| ग. कराही/पेटी बक्सा/आल्मुनियम उद्योग | १५००/- |
| घ. गलैचा उद्योग | ३०००/- |
| **प्लाई उद्योग तर्फ** | |
| क. प्लाई उधोग | ५०००/- |
| ख. प्लाई बिक्री गर्ने थोक पसल | ३०००/- |
| ग. प्लाई बिक्री गर्ने खुद्रा पसल | २०००/- |
| **अन्य उद्योग तर्फ** | |
| १. भेनियर उद्योग | २०००/- |
| २. गुटका उद्योग | ३०००/- |
| ३. बिडी उद्योग | २०००/- |

| | |
|---|---|
| ४. मसला,कपास र अगरवती प्याकेजिङगं उद्योग | १०००/- |
| ५. इलेक्ट्रीक स्वीच बोर्ड बनाउने | १०००/- |
| ६. धान कुट्ने,तेल पेल्ने,खाद्यान्न सामग्री उत्पादन गर्ने उद्योग | २०००/- |
| ७. प्लाष्टिक पोलोथिन उद्योग | ३०००/- |
| ८. कस्मेटीक सामग्री बिक्री गर्ने तर्फ | २०००/- |
| ९. ग्रील उद्योग | २०००/- |
| १०. डेरी उद्योग | २०००/- |
| ११. स्ववास शर्वत उद्योग | १५००/- |
| १२. आइसक्रिम उद्योग | १५००/- |
| १३. बेकरी पाउरोटी उद्योग | १०००/- |
| १४. रेलिङ,पुल,ईनारको रिंग तथा सिमेन्टको अन्य सामान उत्पादन गर्ने उद्योग | २०००/- |
| १५. जुट तथा धागोबाट तयार गरिने झोला उद्योग | १०००/- |
| १६. आल्मुनियमको ग्रिल तथा सामान बनाउने उद्योग | २०००/- |
| १७. ट्रान्सपोर्टको व्यवसाय संचालन गर्ने तर्फ | २०००/- |
| १८. बैट्री उधोग | १००००/- |
| १९. पानी फिल्टरिङ्ग एण्ड प्याकेजिङ्ग उधोग | ३०००/- |
| **गार्मेन्ट र ब्याग उद्योग तर्फ** | |
| क. १०० भन्दा बढी मेशीन भएको | १००००/- |
| ख.५० देखि १०० सम्मको मेशीन भएको | ५०००/- |
| ग. १ देखि ५० सम्म मेशीन भएको | २०००/- |
| **फर्निचर तथा स-मिल तर्फ** | |
| १. स-मिल | ३०००/- |
| २. फर्निचर उधोग(मेशीनबाट चल्ने) | २५००/- |
| ३. फर्निचर उधोग(हातबाट चल्ने) | २०००/- |
| ४. दाल मिल | ५०००/- |
| ५. बिट उधोग | १०००/- |
| **संचार सेवा तथा केवल संचालन गर्ने व्यवसाय तर्फ** | |
| १. स्थानीय पत्र पत्रिका दर्ता दस्तुर | १०००/- |
| २. अनलाईन खबर पत्रिका दर्ता दस्तुर | १०००/- |
| ३. निजि क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरु | ३०००/- |
| ४. पार्सल र कुरियर सेवा तर्फ | १५००/- |
| छपाई तथा प्रकाशन/प्रिन्टीङ्ग प्रेस व्यवसाय | २०००/- |
| **कृषि तथा वनजन्य व्यवसाय** | |
| क. कृषि पशु औषधी,बिउबिजन/मल/कृषि यन्त्र उपकरण उत्पादन वा बिक्री वितरण गर्ने | २०००/- |
| ख. गाई,भैसी पालन गर्ने व्यवसाय दर्ता। | २०००/- |
| नोटः-गाई,भैसी पालन गर्ने व्यवसायको लागि अन्य निकायमा सिफारिस | १०००/- |
| यस कार्यालयमा व्यवसाय/फर्म दर्ता गराई ईजाजत पत्र लिएका व्यवसायीहरु प्रत्येक आ.ब.को आश्विन महिना भित्र व्यवसाय/फर्मको नविकरण गराए,लागेको दर्ता दस्तुरको २५%छुट पाईनेछ । चालु | |

| | |
|---|---|
| आ.व.नघाई बक्यौता तिर्न आएमा १० प्रतिशत जरिवाना लाग्नेछ। | |
| यसमा नखुलेका व्यवसायहरुको लागि प्रकृति हेरी व्यवसाय दर्ता तथा नविकरण दस्तुर लाग्नेछ। | १००० देखि १५००० सम्म |
| व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुर रु. | ५००/- |

# अनुसूची-६

## जडीबुटी, कवाडी र जीवजन्तु कर

| | |
|---|---|
| कवाडीको कारोबार गर्नेबाट प्रति ट्रक निकाशीमा | १०००/- |
| कवाडीको कारोबार गर्नेबाट प्रति ट्र्याक्टर निकाशीमा | १०००/- |

जडीबुटी,जीवजन्तु कर नगर कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम निर्धारण गरी लागु गरिनेछ।

| **सवारी कर तर्फ** | |
|---|---|
| देहायको सवारी साधनमा प्रदेश सरकारले निर्धारण गरेको दररेट बमोजिम असुल उपर गरिनेछ। | |
| क. बस,ट्रक,लहरी | |
| ख. जीप कार मिनिबस | |
| ग. टेम्पु | |
| घ. टेक्टर | |
| ङ. कार टेम्पु, मिनि बस | |
| **टेम्पु,ई रिक्सा,टाँगा ठेला दर्ता,नविकरण तथा चालक प्रमाण पत्र तर्फ बार्षिक** | |
| १. टेम्पु | ५००/- |
| २. ई रिक्सा | ५००/- |
| ३. टाँगा,ठेला (मोटर ठेला) | २००/- |

# अनुसूची-७

## स्थानीय पूर्वाधार उपयोग शुल्क

| **न.पा.ले निर्माण तथा व्यवस्थापन गरेको सडक, पुल उपयोग गरे वापत निम्न सवारी साधनहरुमा निम्नानुसारको स्थानीय पूर्वाधार उपयोग शुल्क लाग्ने छ।** | |
|---|---|
| १. स्वदेशी बस, ट्रक तथा भारी सवारी साधन समेत | ३०/- |
| २. स्वदेशी भाडाको मिनिबस माइक्रोबस,पिक अप | २०/- |
| ३. स्वदेशी भाडाका जीपकार | २०/- |
| ४. स्वदेशी भाडाको टेम्पु वा ई रिक्सा | १०/- |
| ५. स्वदेशी टयाक्टर | २०/- |
| ६. बिदेशी भाडाको टेम्पु वा ई रिक्सा | २०/- |
| ७. बिदेशी जीपकार,पिक अप,टयाक्टर समेत | ५०/- |
| ८. बिदेशी ट्रक,बस तथा भारी सवारी साधन समेत | २००/- |

# अनुसूची-८

## विज्ञापन कर

| **विज्ञापन कर तर्फ (बार्षिक)** | |
|---|---|
| १. होडिङ्ग बोर्डको (प्रति वर्ग फिट) | ५०/- |
| २. विज्ञापन बोर्ड मदिरा तथा सुतिजन्य पदार्थ (प्रति वर्ग फिट) | ७०/- |
| ३. विज्ञापन बोर्ड (प्रति वर्ग फिट) | ५०/- |
| ४. वाल पेन्टिङ्ग (प्रति वर्ग फिट) | २०/- |
| ५. ब्यानर पटके | १००/- |
| ६. पोल साइन बोर्ड (प्रति वर्ग फिट) | १००/- |
| ७. विदेशी कम्पनीको हकमा गरिएको प्रचार प्रसार सामाग्री जस्तै स्टीकर,पोष्टर,पम्पलेट,फेलेन्जर आदीको विज्ञापन कर प्रति वर्गफिट | १००/- |
| **नोट** सार्वजनिक हितका वा जनचेतना मूलक विज्ञापनमा कर लगाईने छैन साथै व्यवसायीले व्यवसायको पहिचान चिनारीको लागि आफ्नै व्यवसाय/पसलको अगाडी ३*६ सम्मको बोर्ड राखेकोमा विज्ञापन कर लाग्नै छैन । तर अन्यत्र विज्ञापन/बोर्ड / प्रचार सामाग्री राखेमा नियमानुसार विज्ञापन कर लाग्नेछ । | |

# अनुसूची-९

## मनोरंजन कर

| **मनोरंजन कर तर्फ (प्रदेश सरकारले निर्धारण नगरे सम्म)** | |
|---|---|
| १.सिनेमा हलको प्रति टिकट रु.जम्मा आम्दानीको | ३% |
| नोटः- यसरी लाग्ने मनोरंजन शुल्क मासिक रुपमा जम्मा गर्नुपर्ने | |
| २.सार्वजनिक स्थानमा सर्कस प्रदर्शन गर्नेलाई दैनिक | २५०/- |
| ३.बहुरुपी खेल देखाउने लाई दैनिक | ५०/- |
| ४.समय-समयमा लाग्ने (मेला ठेकेदारबाट पेशा कर वापत) दैनिक | ३००/- |
| ५.सार्वजनिक स्थानमा भिडियो तथा फिल्म सुटिङ्ग गर्ने निर्माणकर्ता प्रतिदिन | १०००/- |
| ६.न.पा.क्षेत्रभित्रको पर्यटन स्थलमा व्यवसायीक रुपले क्यामेरा/मेशिन प्रयोग गरी फोटो तथा भिडियो बनाउने व्यक्ति/व्यवसायीलाई मासिक | १५००/- |

# अनुसूची-१०

## पार्किङ शुल्क

| **पार्किङ्ग शुल्क (न.पा.ले तोकेको स्थानमा)** | |
|---|---|
| १. भारी सवारी साधन (प्रति घण्टा ३०/- वा बिहान देखि बेलुका सम्मको रु.१००/-) | ३०/- |
| २. जीप कार,पिक अप,टेक्टरलाई (प्रति घण्टा रु.१५/- वा बिहान देखि बेलुका सम्मको रु.५०/-) | १५/- |
| ३. टेम्पु, ई रिक्सा लाई (प्रति घण्टा रु.१०/- वा बिहान देखि बेलुका सम्मको रु.३०/-) | १०/- |
| ३. मोटरसाईकल,रिक्सा,ठेला,टाँगा (प्रति दिन रु.१०/-) | १०/- |
| ४. साईकल (प्रति दिन रु.५) | ५/- |

# अनुसूची-११

## बिटौरी कर तर्फ

| **हाट बजार,घुम्ती, अस्थायी पसल तर्फ** | |
|---|---|
| १. विभिन्न किसिमको तरकारी पसल/स्टल १ टोकरीको लागि दैनिक | ५/- |

| | |
|---|---|
| २. विभिन्न किसिमको तरकारी पसल/स्टल १ देखि ५ टोकरी सम्मलाई दैनिक | १५/- |
| ३. विभिन्न किसिमको फलफुल इत्यादीको पसल/स्टल प्रति टोकरी लाई दैनिक | ५/- |
| ४. विभिन्न किसिमको फलफुल इत्यादीको पसल/स्टल १ टोकरी भन्दा माथि ५ टोकरी सम्म दैनिक | १५/- |
| ५. मिठा खुद्राको प्रति पसल/स्टलबाट दैनिक | १०/- |
| ६. चामल,दाल,चिउरा,पिठो १ टोकरीको पसलको लागि दैनिक | ५/- |
| ७. चामल,दाल,चिउरा,पिठो १ टोकरी देखि ५ टोकरी सम्मको लागि दैनिक | १५/- |
| ८. माछा,मासु पकाई बिक्री गर्ने बाट पसल नभएको दैनिक | १५/- |
| ९. राँगा,खसी,काचो मासु काटी बिक्री गर्नेबाट दैनिक | २०/- |
| १०. सुंगुर,बंगुर, काचो मासु काटी बिक्री गर्नेबाट दैनिक | २०/- |
| ११. सानो माछा बिक्री गर्ने पसल/स्टलबाट दैनिक | १५/- |
| १२. ठुलो माछा बिक्री गर्ने पसल/स्टलबाट दैनिक | २०/- |
| १३. माटोको भाँडा पसल/स्टलबाट दैनिक | १०/- |
| १४. आल्मुनियमको भाँडा पसलबाट दैनिक | १०/- |
| १५. सतु,फलफुल,लिटी,समोसा,मिठाई,चाट,अण्डा,चिया पसल/स्टल इत्यादीको प्रति ठेला गाडाको दैनिक | २०/- |
| १६. हजाम पसल/स्टलबाट दैनिक | १०/- |
| १७. रस्सी,डोरी,सावे,खुद्रा पसल/स्टलको लागि दैनिक | १०/- |
| १८. रस्सी,डोरी,सावे प्रति टायर गाडाको लागि दैनिक | ३५/- |
| १९. नरिवल,बदाम,मिठाई खोम्चामा बिक्री गर्नेलाई दैनिक | ५/- |
| २०. कुखुरा हाँस प्रति स्टलबाट दैनिक | २०/- |
| २१. कपडा पसल/स्टलबाट दैनिक | २०/- |
| २२. पर्चुन पसल/स्टलबाट दैनिक | १५/- |
| २३. नरिवल, मिठाई बिक्री गर्ने दैनिक | ५/- |
| २४.पान,बिडी,सिगरेट,फलफुल,टोपी,चुरा,धागो,पोते,कपडा,घडी मेकानिक,मसाला/आयुर्वेदिक पसल गर्ने अस्थायी पसललाई दैनिक | १५/- |
| २५. बोरा आदीमा जगेडा नराखी चिउरा मुरी ढाकीमा राखी बिक्री गर्ने,साँगपात भक्का (मुठ्ठा) बनाई बेच्ने,ढक्कीमा हरदी बेच्नेलाई | १०/- |
| २६. टायर गाडामा सामान बिक्री गर्नेबाट दैनिक | ३५/- |
| २७. जीप,पीकअपबाट हाटबजारमा तरकारी वा अन्य सामग्री ओसार पसार गर्ने बाट दैनिक | ७५/- |
| २८. बाख्रा तथा अन्य कानुन बमोजिम बिक्री गर्न मिल्ने पशु बजारमा ल्याइ बिक्री गर्ने व्यापारीबाट दैनिक | ५०/- |
| २९. छुटफुट भएको बिभिन्न बस्तुको प्रति पसलबाट दैनिक | १०/- |
| गुदरी बजारको ठेक्का लगाउदा गौर मेनरोड सार्वजनिक सडक पेटीमा अस्थाई रुपमा लगाएको हाट बजार वा पसल/ठेला समेतको लगाउने । | |
| गुदरी बजारको सटरकोठा भाडामा लिने व्यक्ति/फर्मले भाडा रकम न.पा.कार्यालयमा बुझाउनु पर्नेछ तर सोही व्यवसायीले सटरकोठा बाहिर सर सामान राखी बिक्री वितरण गरेमा माथि उल्लेखित दरमा बिटौरी कर लाग्नेछ । | |
| **कान्जी हाउस तर्फ** | |
| १. भैसी, राँगा, गाई गोरु,घोडा घोडी दैनिक | ७०/- |

| | |
|---|---|
| २. पाडा पाडी, बाछा बाछी, बछेडा बछेडीमा दैनिक | ४०/- |
| ३. बाख्रा बाख्रीमा दैनिक | १५/- |
| ४. संगुर गधामा दैनिक | ४०/- |
| ५. अन्यमा दैनिक | ३०/- |

## अनुसूची-१२
## सेवा शुल्क र दस्तुर

| | |
|---|---|
| निवेदन दस्तुर(टिकट वापत) प्रत्येक निवेदनमा | १०/- |
| सरसफाई शुल्क प्रति सिफारिस | १०/- |
| प्रतिलिपी प्रति पाना दस्तुर | १०/- |
| साधारण सिफारिस | ९०/- |
| नागरिकता सिफारिस | ९०/- |
| व्यक्तिगत विवरण प्रमाणित | ५००/- |
| छात्रवृति सिफारिस (विपन्न र अपाङगलाई नलाग्ने) | ९०/- |
| आर्थिक अवस्था कमजोरको सिफारिस | ९०/- |
| आर्थिक अवस्था बलियोको सिफारिस | १०००/- |
| जिवित रहेको प्रमाणित | २००/- |
| मृत्यु भएको प्रमाणित | ९०/- |
| संरक्षक प्रमाणित | ३००/- |
| न्यायिक दस्तुर (उजुरी कर्ता) लाई | ५००/- |
| न्यायिक समिति समक्ष लिखित जवाफ पेश गर्ने दस्तुर | २००/- |
| कपाली तमसुक प्रमाणित | २००/- |
| वैदेशिक नियोगहरुमा गरिने विभिन्न सिफारिस | ५००/- |
| **विद्युत सिफारिस** | |
| क. ग्राहस्थ /कृषि मिटर | ५००/- |
| ख. व्यापार/व्यवसाय | १०००/- |
| ग. मेशीनबाट चल्ने व्यवसाय | १०००/- |
| घ. थ्रिफेज | २०००/- |
| ङ के.भि.ए. उल्लेख भएकोमा प्रति के.भि.ए. | १०००/- |
| **धारा सिफारिस** | ५००/- |
| धारा सिफारिस गर्दा पक्की बाटो फोड्नु पर्ने भएमा बाटोको अवस्था हेरी कम्तीमा रु ५०००/- देखि प्राबिधिक मूल्यांकन बमोजिमको रकम यस न.पा.को धरौटी खातामा जम्मा राखी मात्र सिफारिस गरिनेछ । फोडिएको बाटो सेवाग्राहीले नै पुनः मर्मत गरी प्राबिधिकको सिफारिस भई आएमा मात्र धरौटी रकम फिर्ता हुनेछ । | |
| राहादानी सिफारिस | ५००/- |
| परिचय पत्र | २००/- |
| घरबाटो तथा चारकिल्ला प्रमाणित | १ कित्ताको ५००/- त्यसपछि माथि प्रति किता १००/- |
| नाता प्रमाणित | ५००/- |
| जन्म प्रमाणित | ३००/- |

| | |
|---|---|
| घर निर्मणको लागि काठ सिफारिस | रु ४ प्रति क्यूफिट |
| घर जग्गा नामसारी/हकभोग प्रमाणित/मोही लगत कट्टा/मोही नामसारी १०कट्ठा भन्दा तल | ५००/- |
| घर जग्गा नामसारी/हकभोग प्रमाणित/मोही लगत कट्टा/मोही नामसारी १०कट्ठा भन्दा माथि | १०००/- |
| सम्पति मूल्यांकन/जग्गा मूल्यांकन (प्रति हजार) | रु १/- |
| आय प्रमाणित प्रति हजार | रु १/- |
| नक्सा फिल्ड बुकको नक्कल सिफारिस | २००/- |
| हैसियत प्रमाणित (प्रत्येक २५ लाख सम्म) | २०००/- |
| जग्गाधनी लालपूर्जाको नक्कलको सिफारिस वा तिन पुस्ते प्रमाणित | २००/- |
| संस्थागत तिन पुस्ते प्रमाणित एकमुष्ट | ५००/- |
| सस्था दर्ता/सिफारिस | ५००/- |
| उपभोक्ता समिति दर्ता/नविकरण (३ बर्षको) लागि | ३०००/- |
| कृषक समुह दर्ता/नविकरण | ५००/- |
| वितिय सहकारी दर्ता/ नविकरण | ३०००/- |
| कृषि तथा अन्य सहकारी दर्ता/नविकरण | १५००/- |
| **नक्सा पास दस्तुर(आवासिय भवन तर्फ)** | |
| नक्सा पास निवेदनको किताव | १५००/- |
| बेशमेन्ट प्रति वर्ग फिट | ५/- |
| भुई तल्ला प्रति वर्ग फिट | ६/- |
| प्रथम तल्ला प्रति वर्ग फिट | ७/- |
| दोश्रो तल्ला प्रति वर्ग फिट | ८/- |
| तेश्रो तल्ला प्रति वर्ग फिट | ९/- |
| चौथो तल्ला प्रति वर्ग फिट | १०/- |
| पाँचौ तल्ला प्रति वर्ग फिट | ११/- |
| कम्पाउण्वाल प्रति रनिङ फिट | १०/- |
| घर नक्सा नामसारी | १५००/- |
| अमिन द्धारा जग्गा नाँपजाँच | १०००/- |
| **नक्सा पास दस्तुर(व्यावसायिक भवन तर्फ)** | |
| बेशमेन्ट प्रति वर्ग फिट | ९/- |
| भुई तल्ला प्रति वर्ग फिट | १०/- |
| प्रथम तल्ला प्रति वर्ग फिट | ११/- |
| दोश्रो तल्ला प्रति वर्ग फिट | १२/- |
| तेश्रो तल्ला प्रति वर्ग फिट | १३/- |
| चौथो तल्ला प्रति वर्ग फिट | १४/- |
| पाँचौ तल्ला प्रति वर्ग फिट | १५/- |
| कम्पाउण्वाल प्रति रनिङ फिट | ११/- |
| घर नक्सा नामसारी | १५००/- |

| | |
|---|---|
| अमिन द्धारा जग्गा नाँपजाँच | १५००/- |
| **नक्सा पास दस्तुर(सार्वजनिक संघ/संस्थाको भवन तर्फ)** | |
| बेशमेन्ट प्रति वर्ग फिट | ९/- |
| भुई तल्ला प्रति वर्ग फिट | १०/- |
| प्रथम तल्ला प्रति वर्ग फिट | ११/- |
| दोश्रो तल्ला प्रति वर्ग फिट | १२/- |
| तेश्रो तल्ला प्रति वर्ग फिट | १३/- |
| चौथो तल्ला प्रति वर्ग फिट | १४/- |
| पाँचौ तल्ला प्रति वर्ग फिट | १५/- |
| कम्पाउण्वाल प्रति रनिङ फिट | ११/- |
| घर नक्सा नामसारी | ५०००/- |
| अमिनद्वारा जग्गा नाँपजाँच | १५००/- |
| नोटः दुई वर्ष भित्र म्याद थपको लागि निवेदन दिएमा लागेको नक्सापास दस्तुरको ५% दस्तुर लाग्नेछ । २ वर्ष म्याद नघाएर म्याद थपको लागि निवेदन दिए लागेको नक्पास दस्तुरको ५०% दस्तुर लाग्ने छ । म्याद नघाई घर सम्पन्न प्रमाण पत्र वा भवन अभिलेखिकरणको लागि निवेदन दिएमा नक्सापास दस्तुरको दोब्बर दस्तुर लाग्नेछ । | |
| सभाहल भाडा (सार्वजनिक हितको लागि आयोजन हुने सभा सम्मेलनको लागि नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले औचित्य र आवश्यकता हेरी सभाहाँल निःशुल्क उपलब्ध गराउन सक्नेछन) | ३०००/- |
| प्रोजेक्टर सेवा शुल्क | १०००/- |
| **व्यक्तिगत घटना दर्ता दस्तुर ।** | २००/- |
| नोटः ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गराउन आएमा कुनै किसिमको दस्तुर लाग्ने छैन । | |
| व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको नक्कल दस्तुर । | ५००/- |
| साविकको जन्मदर्ता प्रमाणपत्रलाई राष्ट्रिय परिचयपत्र नं.सहितको अनलाईन प्रविधिहरुमा रुपान्तरण गरी प्रमाणपत्र जारी गर्ने | २००/- |
| नोटः- उल्लेखित दस्तुरहरुमा शहिद परिवार, आन्दोलनमा घाईते परिवार,जेष्ठ नागरिक,अपाङ्ग भएका व्यक्ति एवं आर्थिक एवं सामाजिक रुपमा पछाडी परेका घरपरिवार वा व्यक्तिलाई निजको दस्तुर तिर्न सक्ने क्षमतालाई विचार गरी दस्तुर पूरै वा आंशिक मिन्हा दिन सकिनेछ । | |
| **सेफ्टी टैंक सरसफाई मेशिन तर्फ ।** | |
| १. गौर नगरपालिका क्षेत्रभित्र (ढलानवाल सेफ्टी टैंकीको) प्रति गाडीको टैंकी अनुसार | १५००/- |
| २. गौर नगरपालिका क्षेत्रभित्र ( रिङगवाला सेफ्टी टैंकीको) | १०००/- |
| ३.गौर नगरपालिका क्षेत्र बाहिर (१ टैंकीको) सक्शन मेशिनको टैंकी अनुसार | ३०००/- |
| ४. नगरपालिकाले अनुमति दिएको निजी क्षेत्रको सेफ्टी टैंकीबाट सफाई गराउदा सवारीधनी संग पटके | १०००/- |
| **लामखुटे नियन्त्रण गर्ने फगिङग मेशिनको भाडा तर्फ (ईन्धन बाहेक)** | |
| ठूलो मेशिन प्रतिदिन | ५५००/- |
| सानो मेशिन प्रतिदिन | १५००/- |
| **रुख काटने कटरको भाडा प्रतिदिन** | १५००/- |
| **गाई,भैसी पालन गर्ने व्यवसायको लागि अन्य निकायमा सिफारिस** | ६००/- |
| सार्वजनिक शौचालयको सेवा शुल्क निजी क्षेत्र सँग साझेदारीमा वा ठेक्काको माध्यमबाट शुल्क संकलन गर्न सकिनेछ | |
| जे.सि.बी.भाडा प्रति घण्टा (न.पा.ले जेसिबीमा इन्धन आफै हालेमा) | २८००/- |

| | |
|---|---|
| | |
| नोटः- ईन्धनको मूल्य घटी/वृद्धि भएमा सो लाई आधार मानी प्र.प्र.अ.ले भाडा निर्धारण गर्ने सक्नेछ । | |
| पानी टैंकीबाट पानी पटाउने कार्य प्रति घण्टा | १०००/- |
| रुख काट्नको लागि सिफारिस दिदाँ प्रति सिफारिस रु . | २००/- |

## अनुसूची १३

## भाडा तथा बहालबाट आय

| | |
|---|---|
| पशुबधशाला कोठा | २०००/- |
| गुदरी बजारको दक्षिण पट्टीको पक्कि प्रति कोठा | १२००/- |
| गुदरी बजारको पक्कि कोठा प्रति कोठा उत्तर पट्टीको | १२००/- |
| गुदरी बजारको मासु पसल प्रति कोठा | १०००/- |
| नोटः सोही महिनाको १५ गते भित्र भाडा बुझाए १०% छुट,१६ गते देखि महिना भित्र बुझाए छुट पाईने छैन र महिना नाघे पछि बुझाए १०% जरिवाना लाग्नेछ । | |
| नगरपालिकको स्वामित्वमा रहेको पोखरी,भवन,बसपार्क वा अन्य करहरु संकलन गर्न नीजि क्षेत्र सँग साझेदारी वा ठेक्काको माध्यमबाट न.पा.ले आन्तरिक आय संकलन गर्न सक्नेछ । | |

### गौर बसपार्कबाट असुल हुने आन्तरिक आयको दररेट

| क्र.स. | भौतिक संरचना तथा सेवा | दररेट |
|---|---|---|
| १ | रिक्सा टेम्पु प्रवेश शुल्क | १०/- |
| २ | लामो दुरीको बस अन्य सवारी साधन प्रवेश शुल्क | १००/- |
| ३ | छोटो दुरीको बस तथा अन्य सवारी साधन प्रवेश शुल्क | ५०/- |
| ४ | टिकट काउण्टर (प्रति काउण्टर) को | ५०००/- |
| ५ | शौचालय | पिसाब फेर्ने ५/- |
| | | दिशा गर्नेबाट १०/- |
| नोटः- बसपार्कभित्र रहेको सटरकोठा र चमेना गृहहरुको सम्बन्धमा ठेक्का बन्दोवस्त हुदा ठेकेदारले भाडा निर्धारण गर्नेछ, भने न.पा.ले अमानतमा राजश्व संकलन गर्दा साविकमा भाडावालाले बुझाइ रहेको भाडा दरमा नै राजश्व संकलन गर्ने । | | |

### शिवालय पोखरीमा वोट तथा स्टल संचालन तथा व्यवस्थापन

| क्र.स. | विवरण | दररेट |
|---|---|---|
| १ | पैडलवोट प्रयोग शुल्क प्रति व्यक्ति | २५/- |
| २ | मोटरवोट प्रयोग शुल्क प्रति व्यक्ति | १५०/- |
| **नोटः-** सार्वजनिक विदाको दिनमा सामुदायिक तथा संस्थागत विधालयका विधार्थीहरुलाई विधालयको सिफारिसमा प्रति विधार्थी मोटरवोट प्रयोगमा रु.१००/- र पैडलवोट प्रयोगमा रु.२०/- लाग्नेछ । | | |
| ३ | स्टल निर्माण भएमा प्रत्येक स्टलको भाडा प्रति वर्गफिट रु. | ३०/- |
| **नोटः-** स्टल लिने व्यक्ति, फर्म तथा कम्पनीले प्रत्येक स्टलको रु.५०,०००/- दरले गौर नगरपालिकामा जमानत स्वरुप धरौटी राख्नु पर्नेछ । | | |

## अनुसूची १४

## विजुली र टेलिफोन पोल शुल्क

बिजुली र टेलिफोन पोल कर नगर कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम निर्धारण गरी लागु गरिनेछ ।

## अनुसूची-१५

## पर्यटन शुल्क

पर्यटन शुल्क नगर कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम निर्धारण गरी लागु गरिनेछ ।

## अनुसूची-१६

## दण्ड जरिवाना

| | |
|---|---|
| निषेधित क्षेत्रमा व्यवसाय,व्यापार गर्नेलाई | १००/- देखि १५०००/- सम्म |
| निषेधित क्षेत्रमा फोहर फालेमा वा फोहर गरेमा | १००/- देखि ५०००/- सम्म |
| सार्वजनिक सडक अवरोध गर्ने गरी कुनै कार्य गरेमा | १००/- देखि ५०००/- सम्म |
| कानुन बमोजिम अन्य निषेध गरीएको कार्य गरेमा | १००/- देखि १५०००/- सम्म |

प्रमाणित गर्ने

शम्भु साह

नगर प्रमुख

# गौर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गौर, रौतहट

## मधेश प्रदेश, नेपाल

# गौर नगरपालिकाको आर्थिक ऐन, २०८३

प्रमाणिकरण मितिः- २०८३/०३/१०